# महाकवि देवकोटाप्रति किन यो अर्घेल्याइँ ?

ज्यो. रत्ननिधि रेग्मी, 'शुक्राचार्य'

सामान्य भाषामा भन्नुपर्दा 'क' को अर्थ कल्पनाको तीव्र वेग, 'वि' को अर्थ विचारको गहिराई 'ता' को अर्थ तादत्म्यताबाट कविता शब्द बनेको तथा अर्को भाषामा भन्नुपर्दा 'क' को माने करुणाले भरिएको, 'वि' माने विषय वा विपुलता र 'ता' माने ताल वा छन्द अभः यसरी भनौं कथ्यपरता, विश्लेषणात्मक र तारयुक्त प्रवाह गर्ने ध्वन्यात्मक लबजलाई कविता मानेका छन् । पूर्वीय साहित्यका महान् समालोचक राजशेखर याने यायावरका भाषामा भन्ने हो भने कव् धातुमा इ प्रत्यय लाग्दा कवि र त्यसको विशेषणका रुपमा कविता भएको हो । उनले आफ्नो प्रसिद्ध कृति काव्यमीमांसामा भनेका छन्: कव् वर्णने अर्थात् रचना गर्नु, त्यसकारण शक्तिशाली रचना जसले लय, ध्वनि, अलङ्कार, अभिव्यञ्जना र लालित्यपूर्ण चमत्कृतिको उत्पत्ति गर्छ त्यसैलाई कविता भनिन्छ । होमर, कालिदास, दाँते, मिल्टन, शेक्सपियरजस्ता महाकविहरू आजतक त्यही छन्द अलङ्कार, उपमाका आधारमा अमर छन् । गीत पनि कविताकै एउटा प्रशाखा हो, जहाँ ताल, सुर, लय, ध्वनिको प्राचुर्यता पाइन्छ । कल्पनाको विपुलता र त्यसमा सुर-ताल मिलाई रचना गर्नु कठिन मात्र होइन असाध्यै दुःसाध्य पनि मानिन्छ । त्यसकारण कविता धेरै लेखिए पनि संसारमा वास्तविक कवि बन्नेहरू ज्यादै कम हुन्छन् ।यस्ता रचनासामर्थ्य भएका विश्वका अत्यन्त कम व्यक्तित्वमध्ये नेपाली महाकवि लक्ष्मीप्रसाद देवकोटा पनि एक हुन् । देवकोटा मात्र यस्ता कवि बनेका छन् जस्लाई कविताकै पर्याय हुन् । कविता गर्ने भन्नेबित्तिकै हामी देवकाटा सम्झन्छौं र कसैले कविता लेख्छु भन्यो भने उ पनि देवकाटै रहेछ क्यारे भन्छौं । यसप्रकार कवि देवकोटा र देवकोटा कविको तादात्म्यता रहिआएको छ ।

नेपाली काव्य फाँटका ३ महारथिहरूमध्ये देवकोटा सर्वाधिक चर्चित र लोकप्रिय रहिआएका छन् । जन स्तरबाट उनको स्मरण भव्यरुपमा हुने गर्छ । उनका रचनाहरू के बालक, के वृद्ध, के युवा, के नारी सबैका लागि उत्तिकै स्मरणीय र मननयोग्य छन् । धनी, गरीब, भिखारी, शृङ्गारिक, करुणा र शोषण-अत्याचारविरुद्ध पनि उत्तिकै सशक्त रहिआएका छन् । यहाँसम्म कि उनको स्थान लिन अरुलाई गाह्रै पर्छ । उनको सिको गर्ने धेरै निस्किए, तर उनलाई जित्न सकेनन् । किन कि कवित्वशक्ति नै दैवीशक्ति पनि भएकाले त्यो अभ्यासद्वारा मात्र सम्भव थिएन । आजको नेपाली भाषालाई रामायणको माध्यमबाट भानभक्तले जसरी घरघरै पुऱ्याए, त्यसैगरी मुनामदन र शाकुन्तलको माध्यमबाट देवकोटाले नेपाली साहित्यलाई जनमानसमा स्थापित गराए । केवल पुराण र किस्साहरूमै सीमित भाषालाई काव्यको रुप दिएर लेखनाथ पौड्यालले हुनसम्मन्को गुन लगाएका छन् । त्यसलाई खण्ड र महाकाव्यको रुपमा विकास गर्नमा देवकोटाको योगदान अझ वृहत्तर रह्यो । देवकोटाविनाको नेपाली साहित्यको हामी कल्पनासमेत गर्न सक्तैनौं । शाकुन्तलकै भूमिकामा स्वयं देवकोटा लेख्छन्: नेपालीमा महाकाव्यको स्थान आइस्ल्याण्डको सर्पजस्तै थियो, त्यो पूर्ति गर्न ३ महिना त्यो पनि फुर्सदको समयमा लेखियो, यसलाई दुई हातका औंला भाँच्दा पुग्ने मानिसले बुझिदिए काफी हुनेथियो । मुना-मदनकै भूमिकामा पनि झ्याउरे भनी नगर हेला हे प्यारा सज्जन ! भनी स्पष्टै लेखेका छन् । आज जसरी काव्य र महाकाव्यहरूको बाढी नै आए पनि ध्वनि, अलङ्कार, उपमा आदिको अभावमा कवि र महाकविको उपाधि देवकोटा एक्लैले पाइरहेका छन् । त्यो उँचाइमा पुग्ने सामर्थ्य हामीमा पनि आएको देख्न पाइएन ।

वि. सं. १९६६ साल कार्तिक २७ गते शुक्रबार औंसीको रात, घरघरमा लक्ष्मीपूजाको दीपावली, द्यौसी र भैलोको रौनक, सेल-रोटी, अनर्सा पाकिरहेका, झ्याली, झ्याम्टा र मादल आदिको मधुर गुञ्जन, हातमा हात समाएर र एकले अर्काको गाला मुसार्दै युवा-युवतीहरू नाचिरहेका, त्यो बेला रातको ९।५४ बजे काठमाडौं डिल्लिबजारका विख्यात पण्डित तिलमाधव र अमरराज्यलक्ष्मीका तृतीय सुपुत्रका रुपमा जन्मेका बालकलाई लक्ष्मीको प्रसाद सम्झी लक्ष्मीप्राद देवकाटा नाम राखियो । नाम लक्ष्मीप्रसाद भए पनि यथार्थमा सरस्वतीप्रसादका रुपमा पूजित देवकोटाले १० वर्षकै उमेरमा 'म त अभागिनी पो भएँ....' र 'घनघोर दुःख सागर संसार जान भाइ, नगरे घमण्ड कहिले मनु छ हामीलाई !' लेखी घरपरिवारलाइ मात्र होइन, २५ वर्षकै उमेरमा 'हातका मैला, सुनका थैला के गर्नु धनले,.....मानिस ठूलो दिलले हुन्छ, जातले हुँदैन...' भन्ने मुना-मदनजस्तो बेजोड मौलिक काव्य लेखी सम्पूर्ण बौद्धिकजमातलाई नै चकित बनाइदिए । ३४ वर्षकै हाराहारीमा लेखिएको शाकुन्तललाई अलङ्कृत महाकाव्यको रुपमा र १० दिने सुलोचना महाकाव्यलाई सामाजिक विकृति विरुद्धको काव्य र ३६ वर्षको उमेरमा लेखिएको लक्ष्मी निबन्ध सङ्ग्रहलाई विचारप्रधान आत्मपरक निबन्धबाट

आफ्नो विलक्षण प्रतिभा प्रस्तुत गरे । एक रातमा कुञ्जिनी र २ घण्टामा म्हेंन्दू खण्डकाव्य लेखी नेपाली समालोचककहरूलाई समेत आश्चर्यचकित पारिदिए । यसबाट उनी सर्वत्र प्रतिभाका कुबेरका रुपमा चिनिए ।

कृतिहरू नै पनि मुना-मदन, कुञ्जिनी, लूनी, म्हेंदू, कृषि-बाला, भिखारी, राजकुमार प्रभाकर, सावित्री सत्यवान्, सीताहरण, रावण-जटायु युद्ध, दुश्यन्त-शकुन्तला भेट, वसन्ती, मैना, सुन्दरी प्रोजर्पिना, भावना गाङ्गेय, नवरस, कटक, छहरा खण्ड १ र २, चिल्ला पातहरू, गाइने गीत, छाँगासित कुरा, जन्मोत्सव, मुटुको थोपा, आकाश बोल्छ, कविता शतसा, लक्ष्मी कविता सङ्ग्रह आदि, पुतली भाग १ र २, सुनको बिहान (बाल-साहित्य), चम्पा (उपन्यास), लक्ष्मी निबन्ध सङ्ग्रह, दाडिमको रुखनेर, समाजशास्त्र (निबन्धहरू), म्याक्बेथ, प्रसिद्ध प्रबन्ध सङ्ग्रह (अनुवाद), रजपूत रमणी (नाटक), शकुन्तला, प्रोमिथियस, द ब्यालेड अफ् लुनी, येसेज कलेक्सन, संयोगिता (अङ्ग्रेजी), शाकुन्तल, सुलोचना, वनकुसुम, प्रमिथस, पृथ्वीराज चौहान, सिकन्दर (संस्कृत),महाराणा प्रताप महाकाव्य, मनोरञ्जन (हास्यव्यंग्य), लक्ष्मी कथा सङ्ग्रह (कथा), भिखारदिखि सन्ध्यासम्म, स्रष्टा देवकोटाः द्रष्टा परिवेशमा (समालोचना), लक्ष्मी गीति सङ्ग्रह (गीत) आदिका साथै तुषारवर्णन, तिप्लिगी, भरत मिलन, भोटको लडाइँ, कृष्णाष्टमी, हरिश्चन्द्र, प्रदर्शिनी, कविता-कुञ्ज, सृजमाता, वैराग्य लहरी, नेपाली मेघदूत, झञ्झा वर्णन, तरङ्ग, घाँसका मुना, बिज्जुको चरित्रजस्ता ३ डोका पुस्तकहरू भाषानुवादमा बुझाएका थिए । तीमध्ये कति छापिए, कति हराए त्यसको लेखाजोखा हुनसकेको छैन ।

सामाजिक रुपमा ५ वर्षमा अक्षरारम्भ, ८ वर्षमा व्रतबन्ध, ११ वर्षमा विद्यालय भर्ना, १५ वर्षमा विवाह, १६ वर्षमा म्याट्रिकुलेशन, १९ वर्षमा आइ.एस्सी., २२ वर्षमा बी.ए. र २४ वर्षमा बी.एल., सानैदेखि ट्युसन, प्रोफेसर त्रिचन्द्र र पद्मकन्या कलेज, २० वर्षमै लाइब्रेरी पर्वमा दण्डित, २००४ मा राणाविरोधी आन्दोलनमा सर्वस्वसहित वनारस बसाइ, युगवाणीको सम्पादन, त्रिवि सभासद, एकेडेमीका संस्थापक सदस्य, इन्द्रेनीको सम्पादन, अफ्रो एशियाइ लेखक सङ्घको दिल्ली र ताशकन्दको प्रतिनिधित्व, शिक्षामन्त्री, संसदमा विपक्षी दलको नेता, दार्जीलिङ्मा पाठ्क्रम निर्धारणमा संलग्न, विराट् साहित्य सम्मेलनको सभापतिलगायत विभिन्न सङ्घ-संस्थामा संलग्न रही २०१६ साल भाद्र २९ गते सोमबार पशुपति आर्यघाटमा दिवंगत भए । उद्देश्य के लिनु उडी छुनु चन्द्र एक भन्ने कविको रुसी यानले चन्द्रमा छोएकै दिन इहलिला समाप्त भयो । उनको निधनमा देशमा र प्रवासमा समेत शोक मनाइयो । मानिसहरूको काँध चढी कुन देवपुरीमा जाने हो ? भनी रुढिविचारका विरुद्ध, धर्तीको यो मालिक्याइँ ठालुबाट खोस, ज्यानै यो जाओस् प्राणै यो जाओस्......मानिसलाई चाहिने हक नलिई छाड्दैनौं जस्ता परिवर्तनकारी कविता, साँढे, पागल, हुरीको गीत, राजा कसरी गर्छन् राज ?, भाँचुँ कि कलम, बाघले बच्चा किन खान्छ ? जस्ता विद्रोही कविता लेख्ने देवकोटाका रचनामा नारहिरूको नायकत्व, गरीबको सुस्केरा अभिव्यक्त भएको पाइन्छ । उनले विश्वसाम्राज्यवादका विरुद्ध एक हुनसमेत लेखक हरूलाई आह्वान गरेका छन् । यसरी देवकोटा नेपाली मात्रका महान् स्रष्टा हुन् भन्नेमा कसैको दुइमत हुँदैन ।

देवकोटा नेपालबाहिर पनि त्यत्तिकै सम्मानित छन् । केही वर्षयता रुस सरकारले रुसी एकेडेमीमार्फत् उनका नाउँमा १० प्रतिशत बजेट छुट्ट्याएर हाल ५।६ वटा कृतिलाई रुसी भाषामा अनूदित गरिसकेको छ भने ढिलै भए पनि चीन सरकारले खासा बजारमा देवकोटाको पूर्णकदको सालिक बनाई सो सम्बन्धी काम गर्न नेपाल र चीनपक्षका बीच समिति नै खडा गरेको छ । भारतको दार्जीलिङ्, सिक्किम, आसामलगायत ठाउँहरू मा सालिक बनाइ ३ दिनसम्म जनमजयन्ती मनाउने परम्परा विद्यमान छ । हालै मात्र पनि युरोप र अमेरिकामा उनका कवितालाई अङ्ग्रेजीमा अनुवाद गर्ने प्रयासको थालनी भएको छ । जसरी देवकोटा देश बाहिर सम्मानित छन्, त्यसरी नै देशभित्र अपमानित पनि छन् । यो लाजमर्दो विषय बनेको छ । जहाँसम्म महाकविको दर्जा हो, त्यो नेपाल सरकारले नभएर महापण्डित राहल सांकृत्यानले हिन्दीका ३ महाकविहरू पन्त, प्रसाद र निरालाको एउटै रुप देवकोटा भनिदिएको भरमा र जनस्तरबाट मात्र अमर भएका छन् । नेपाल सरकारले २०२३ सालमा त्रिभुवन पुरस्कारबाहेक देवकोटाको नाउँमा कुनै मान-सम्मान वा विभूषण दिएको छैन । बरु २०१६ सालमा उनको देहान्तताका ३ महिनाको पारिश्रमिक जरिवाना गरेको थियो । उनका कृतिको आउने लाखौंको रोयल्टी कस्ले के गर्छ र उनको नाउँको देवकोटा कोषको रकम कहाँ जान्छ भन्ने कतैबाट खोजी भएको पाइँदैन । खासगरी देवकोटा जयन्ती नै कहिले हो ? भन्ने निर्क्योल हुनसकेको छैन । नेपाल सांस्कृतिक सङ्घ डिल्लिबजार, त्रिमूर्ति निकेतन, रत्नराज्य मावि, देवकोटा वाचनालय विराटनगर र पाल्पा तथा नवकविता, कन्या क्याम्पसले लक्ष्मीपूजामा देवकोटा सम्बन्धी कार्यक्रमहरू गर्ने गरेका छन् । उनको जन्म नै कार्तिक २७ गते भएकाले देवकोटा साहित्य प्रतिष्ठानले हरेक कार्तिक २७ लाई देवकोटा

जयन्तीका रुपमा मनाउँदै आएको छ र प्रतिष्ठानका तर्फबाट वर्तमान संस्कृतिमन्त्री प्रदीप ज्ञवालीको यसै लेखको माध्यमबाट ध्यानाकर्षण गराउन चाहन्छु। अन्त्यमा देवकोटाकै भाषा- 'मरेकाप्रति यति अनुदार नहोऊ कि काशी सदा जलिरहोस्।' का साथ कलमको बिट मार्न चाहन्छु। किमधिकम्। इत्यलम्।

(महाकवि देवकोटा आश्रम, हाल: बेघर)

Mobile: 9841284638 mail: poetshukracharya@yahoo.com